# हुप्सेकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## झ्यालबास, नवलपरासी (वर्द्धघाट-सुस्ता पूर्व)

## गण्डकी , प्रदेश नेपाल

### आन्तरिक आयतर्फको वोलपत्र आह्वान सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति :२०७५/५/६

स्थानिय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को उपदफा २(घ)को ६ मा व्यवस्था भए वमोजिम यस हुप्सेकोट गाउँपालिकाको आ.व.२०७५/०७६ को जेठ मसान्त सम्मका लागि देहाय बमोजिमको आन्तरिक आय सम्वन्धी ठेक्का वन्दोबस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । यस गाउँपालिका बाट तोकिएको दर रेटमा गाउँपालिका बाट तोकिएको शर्तहरुको अधिनमा रही ठेक्का लिन इच्छुक ( मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व.२०७५/०७६ सम्मको फर्म नवीकरण, आ.व. २०७३/७४ को आयकर चुक्ता प्रमाण पत्र भएका) फर्म, कम्पनी वा व्यक्तिबाट तोकिएको न्यूनतम अंङ्कमा नघट्ने गरी देहायको समयभित्र शिलवन्दी वोलपत्र यस कार्यालयमा पेश गर्नुपर्नेछ । अन्य थप जानकारीको लागि कार्यालय समय भित्र यस गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**ठेक्का विवरण**

| आय ठेक्का नं. | ठेक्का विवरण | संकलन /उत्खनन गर्नुपर्ने अधिकतम परिणाम(घनफिट) | विक्रि दर( मू.अ.क.वाहेक) | जम्मा न्यूनतम अंक (रु) | वोलपत्र दस्तूर |
|---|---|---|---|---|---|
| ०१/०७५/०७६ | पत्थर खोलाको स्वीकृत वातावरणिय प्रतिवेदन IEE मा उल्लेखित क्षेत्रहरु (Gps point वोलपत्रमा उल्लेख हुनेछ ) वाट नदिजन्य पदार्थहरु उत्खनन् /संकलन | ९,९९,५५३ | रु. ४ ।- | ३९,९८,२१२ ।- | रु ३०००।- |

**ठेक्का सम्बन्धी शर्तहरु :-**

१) उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको ३०औं दिन सम्म कार्यालय समय भित्र वोलपत्र खरिद गरी ३१औं दिनको १२ वजे भित्र यस कार्यालयमा शिलवन्दी वोलपत्र बुझाउनु पर्नेछ ,३१औं दिन सम्म प्राप्त वोलपत्रहरु सोही दिन २ वजे ठेकेदार वा निजको प्रतिनिधि को रोहवरमा खोलिनेछ ,ठेकेदार वा निजको प्रतिनिधि उपस्थित नभए पनि कार्यलय प्रतिनिधिको रोहवरमा वोलपत्र खोल्न बाधा पर्नेछैन् ।
२) ठेक्का अवधि २०७६ साल जेठ मसान्त सम्म रहनेछ । तर ठेक्कामा माल सामानको परिमाण यकिन भएको र परिमाण अनुसार कै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पुरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा पनि विक्रि निकासी गर्न सकिनेछ ,साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकाले बन्द हडताल आदिका कारणले केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दाविगर्न पाईने छैन । IEE प्रतिवेदनले निषेध गरेको अवधिमा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइनेछैन तर तोकिएको स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विक्री तथा निकासी गर्न सकिनेछ । नदीजन्य पदार्थ निकासी गर्ने बाटो मर्मत ठेकेदार स्वंयमले गर्नुपर्नेछ र खर्च दावि गर्न पाइने छैन ।
३) माथि उल्लेखित सबै ठेक्काहरु कबोल अंङ्कको थप मूल्य अभिवृद्धि कर (१३ प्रतिशत )राजस्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ ।
४) धरौटी वापत कवोल गरेको अंङ्को ५ प्रतिशत रकम यस कार्यालयको कावासोती स्थित रा.वा.वैंक मा रहेको खाता नं **३२००३०३००७१०७** मा नगद दाखिला गरेको सक्कल भौचर वोलपत्रसाथ संलग्न गरी पेश गर्नुपर्ने छ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइने छैन र उक्त धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन वमोजिम फिर्ता गरिनेछ ।
५) वोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको राजश्व शाखामा दाखिला गर्नुपर्नेछ ।
६) कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
७) वोलपत्र दिँदा कुनै किसिमको शर्त मान्यहुने छैन । साथै रित नपुगी आएको वोलपत्र उपर कुनै कारवाही हुनेछैन।
८) ठेक्कामा कुनै विवाद भएमा हुप्सेकोट गाउँपालिका को निर्णय अन्तिम हुनेछ ।
९) वोलपत्रमा कवोल रकम अंङ्क र अक्षर दुवैमा खुलाउनु पर्नेछ । अंङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
१०) डण्डा -झ्यालवास सडकको पुलदेखि दक्षिण तर्फ ५०० मिटर छोडी कावासोती नगरपालिकाको सिमाना सम्मको उत्खनन क्षेत्र कायम गरिएको छ ।
११) वोलपत्र फारमहरु खरिद गर्ने,दाखिला गर्ने ,खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमश सोको भोलिपल्ट सोही समयमा खरिद,दर्ता तथा खोल्ने कार्य गरिनेछ ।
१२) यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त वोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुदाहरु र ठेक्का स्विकृती पश्चात सम्झौता उल्लेख गरिने शर्तहरु यसै सूचनाका शर्त सरह लागु हुनेछन् ।
१३) कार्यालयले सूचना गरी सम्बन्धित पक्षलाई Pre-Bid Meeting मा बोलाउन सक्नेछ ।
१४) यस सूचना तथा वोलपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका वोलपत्रहरु मूल्यांङ्कनमा समावेश गरिने छैन ।
१५) अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ ।
१६)अन्य थप जानकारीको लागि कार्यालय समय भित्र यस गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**